# ४ आफू को हो भनि आत्माज्ञान पाएपछि जे ठिक छ त्यही गर्नु

*यस अध्यायका मूल पदहरू:* याकूब १:२३,२४, मत्ती १९:१६-२२, लूका ६:२७-३८, रोमी ८:२-४, १२:९-१८, २ पत्रुस १:४।

*स्मरण गर्नुपर्ने सूत्र:* "परमेश्वरको वचन खाली कानले सुन्नेमात्र नगर। यदि सुन्नेमात्र बानी भए तिमीहरूले तिमीहरूलाई नै मूर्ख बनाइरहेको हुन्छ। परमेश्वरको वचनले जे भन्छ त्यो गर्ने बानी पनि बसाल्नुपर्छ। (याकूब १:२२ भावानुवाद)।

जीन फ्रान्स्वा ग्रेभलट नाम गरेको एक जना प्रख्यात अमेरिकन व्यक्ति थियो। उनको कपाल सुनौलो भएकोले सबैले उनलाई सुनकेसरी भनेर सम्बोधन गर्दथे। उनको कपाल भन्दा पनि उनलाई प्रख्यात बनाउने अर्को कारण पनि थियो। अमेरिकाको न्यु योर्क भन्ने राज्यमा एक विश्वविख्यात विशाल, फराकिलो लामो र गहिरो झरना छ। त्यो झरनाको यतापत्ति अमेरिका छ भने अर्को पत्ति क्यानाडा छ। वारपारमा डोरी राखेर त्यसमाथि रतिभरपनि नडराए उनी हिँड्ने गर्दथे। त्यत्रो विशाल झरनामाथि उनी हिँड्दा सबै मानिसहरू चकित भएर हेर्दथे। एक दिन सेप्टेम्बर १८६०मा जीनले आफ्नो सहयोगीलाई बोकेर पार गरिरहेको दृष्य बिलायतको राजकुमारले छक्क पर्दे हेरिरहेका थिए। जीनले त्यस डरलाग्दो हिँडाइ पार गरेपछि राजकुमारकहाँ आए र सोधे छक्क पर्दे हेरिरहेका थिए। जीनले त्यस डरलाग्दो हिँडाइ पार गरेपछि राजकुमारकहाँ आए र सोधे "रामकुमार, के तपाईंलाई मैले बोकेर त्यस डोरीमा पार गरूँ?" त्यस सुनकेशरीको दक्षताको बारेमा त्यस राजकुमारले धेरै सुनेका थिए र अहिले आफ्नै आँखाले पनि हेर्न पाएका थिए। तर त्यस बिशाल झरनामा सुनकेशरीको पिठ्युँमा चढेर जोखिमपूर्ण पार गर्न उनी राजी भएनन्।

जब परमेश्वरसँगको सम्बन्धको कुरो छ केवल सुनेर र हेरेरमात्र नपुग्ने रहेछ भनेर उपरोक्त घट्नाले प्रत्यक्ष्य रूपमा देखाएको पाउँछौं। बाइबलमा भएका अनेकन् शिक्षाहरू हामीलाई थाहा होला। परमेश्वरको बारेमा जानकारी भएर उहाँलाई विश्वास पनि गर्न सक्छौं

होला, सुसमाचारको आत्मज्ञानको बारेमा पनि असाध्ये जानेकै हौंला र येशूको दोस्रो आगमनको विश्वासै गरेर प्रतिक्षा पनि गरेर बसौंला। आफ्नै र विभिन्न मानिसहरूको जीवनको अनुभवहरूद्वारा परमेश्वरको प्रेमको बारेमा थाहा पनि पाऔंला। तर ती ज्ञानहरू जान्यौं भन्दैमा त्यस अनुसार पूर्ण प्रतिवद्धतासाथ चल्न हामी समर्पित हुन्छौं भन्ने छैन। त्यसैकारण याकूबले हामीलाई परमेश्वरको वचनको केवल श्रोतावर्गमात्र नबन, सुन्दैमा मोक्ष वा मुक्ति पाइन्छ भन्ने नठान तर त्यस अनुसार चल्न पनि जरुरी छ भनेर याकूबले जिकिर गर्दछन् ।

यदि कोही अनुग्रहबाट मुक्ति चाहन्छ भने परमेश्वरबो वचन सुन्नेमात्र होइन त्यस अनुसार चल्ने पनि हुनुपर्छ भनेर याकूबले सल्लाह दिएको के रहेछ भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १ तपाईंको कुभलो खोज्ने वा तपाईंको प्रतिद्वन्धी को रहेछ भनेर थाहा पाउने (याकूब १:२३,२४)

शत्रुको बारेमा एक जनाले भनेको थियो शत्रुको बारेमा एक जनाले भनेको थियो "उसलाई म जहिले पनि देखीरहन्छु। मैले दार्‍ही काटेको बेलामा पनि उसले मलाई नराम्रो आँखाले हेरिरहेको हुन्छ।" यथार्थमा हामीहरूको सबभन्दा ठूलो शत्रु हामी नै हौं भनेर याकूबले औंल्याउन चाहेको हामी पाउँछौं। हामी को हौं भनेर सोचेर होइन तर हामी को हौं भनेर आत्मज्ञान थाहा पाएपछि मात्र हामीमा हुने मुक्तिको शोभाको सुरुवात हुन्छ।

**याकूब १:२३,२४मा कसको बारेमा भनिरहेको छ? त्यसमा भनिरहेको मानिसको मूल समस्या के हो? हेर्नुहोस् "कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, २४ किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ।"**

हामीहरू सकेसम्म राम्रो अनुहार वा रमाइलो, सफा वा उत्कृष्ट व्यक्तित्वको छाप लिएर हिंड्नु कुनै गलत कुरो होइन। तर कतिपयले तिनीहरूको वाहिरी अनुहारलाई राम्रो बनाउन धेरै समय र पैसा खर्च गर्दछन्। अरूलाई राम्रो देखाउन हामीहरूको असली रूपलाई छोप्ने चर्तिकलाले हामी आफैलाई धोका दिन सकिन्छ। हामी को हौं त्यो

थाहा पाउन नचाहिहेतापनि हामीहरूको असली रूप थाहा पाउन जरुरी छ भनेर याकूबले भन्दछन्।

येशूले दुई थरिका मानिसहरूको बारेमा दृष्टान्त भन्नुभएको छ। ती दुई जना मानिसहरू आफू को हो भनेर आफूलाई चित्रण गरेका छन्। आफ्नो लागि आफैले गरेका ती मूल्याङ्कनलाई येशूको टिप्पणी कस्तो थियो? हेर्नुहोस्: मत्ती १९:१६-२२ "उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" १७ उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" १८ तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" २० ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" २१ येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" २२ जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो। २३ अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्वर्गको राज्यमा धनी मानिसलाई प्रवेश गर्नु गाह्रो पर्नेछ। २४ फेरि म तिमीहरूलाई भन्दछु, धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुनेछ।", मत्ती २६:३१-३५ "तब येशूले तिनीहरूलाई भन्नुभयो, "आज राती मेरो कारणले तिमीहरू पछि हटिजानेछौ। किनभने यसो लेखिएको छ, 'म गोठालालाई प्रहार गर्नेछु, र बगालका भेड़ाहरू जताततै छरपष्ट हुनेछन्।' ३२ तर म मृत्युबाट जीवित भएपछि तिमीहरूभन्दा अगि गालीलमा जानेछु।" ३३ पत्रुसले उहाँलाई जवाफ दिए, "तपाईंको कारणले सबै जना पछि हटे तापनि म कहिल्यै पछि हट्नेछैनँ।" ३४ येशूले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, आजै राती भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" ३५ पत्रुसले उहाँलाई भने, "मैले तपाईंसँग मर्नुपरे

तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ।" अरू सबै चेलाहरूले पनि त्यसै भने।", मत्ती २६:६९-७५ "पत्रुस बाहिर आँगनमा बसिरहेका थिए। एउटी नोकर्नीले तिनीकहाँ आएर भनी, "तिमी पनि गालील-निवासी येशूसँग थियौ?" ७० तर तिनले उनीहरू सबैका सामुन्ने इन्कार गरेर भने, "तैंले के भन्दैछस्, म जान्दिनँ।" ७१ तिनी बाहिर दलानमा निस्केपछि अर्कीले तिनलाई देखी, र त्यहाँ भएकाहरूलाई भनी, "यो मानिस पनि येशू नासरीसँगै थियो।" ७२ तिनले फेरि शपथ खाएर इन्कार गरे, "म ती मानिसलाई चिन्दिनँ।" ७३ अलि बेरपछि त्यहाँ भएकाहरूले पनि नजिक आएर पत्रुसलाई भने, "साँच्चै, तिमी पनि तिनीहरूमध्येका एक हौ, किनकि तिम्रो बोलीले नै तिमीलाई जाहेर गर्दछ।" ७४ तब पत्रुसले आफैलाई सराप्दै शपथ खान लागे "म ती मानिसलाई चिन्दैचिन्दिनँ।" अनि तुरुन्तै भाले बास्यो। ७५ तब पत्रुसलाई येशूले भन्नुभएको यो कुरा याद भयो, "भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" तब तिनी बाहिर गएर धुरुधुरु रोए।"

आफूले दश आज्ञाहरूलाई असलै रूपमा मानिरहेको छु भनेर धनी युवकले सोचेको थियो। तर येशूकहाँ आएर आफू धर्मात्मा छु भनेर देखाउन खोज्दा अर्कै किसिमको जवाफ सुन्दा उसलाई धक्का भएको थियो। परमेश्वरको आज्ञा पालन गरेरमात्र पुग्दैन तर येशूलाई पछ्याउनुपर्दछ र त्यसमा ठूलो त्यागको आवश्यक छ भनेर येशूले उसलाई भन्न खोज्नुभएको थियो। बाहिरी रूपमा आज्ञा पालन गरेको येशूको निम्ति मान्य थिएन (रोमी ७:७ पढ्नुहोस्)। परम्पराको नाउँमा नीति नियमहरू पालन गर्ने होइन तर त्यसको मर्म र भित्रीरूपमा गएर पालन गर्नुपर्छ भन्ने येशूको जिकिर थियो। धनी युवकको जस्तो आफ्नो बारेमा गलत धारणा पत्रुसको पनि थियो। "सबै जनाले छोडेपनि मर्नैपरेतापनि म तपाईंलाई छोड्ने छैन" भनेर किरिया खाएर येशूप्रति आफू कतिको बफादारी थियो भनेर उनले देखाएका थिए। तर पापको पकड मानिसमाथि कस्तो जबर थियो भनेर ती दुबैलाई थाहा थिएन। आफूहरूको असली आत्मिक अवस्थाको बारेमा ती दुबैमा भ्रामक धारणा थियो। पत्रुस पछि आत्मपरिवर्तन भएर येशूको निम्ति ज्यानै दिएका थिए भनेर हामीलाई थाहा छ। तर त्यस धनी युवकको गति के भयो सो हामीलाई थाहा छैन।

अरूको अनुहारको दाग हेर्न हामीलाई धेरै सजिलो छ, छैन त? अरू यस्ता त्यस्ता भनेर आलोचना गर्ने बानीले कसलाई पिरोलेको छैन र? तर हुनसक्छ हामीहरूले हामीहरूको मन भित्र खोतलेर हेर्‍यौं भने हामीमा नै भएका अनेकन् दोषहरूलाई छोप्न पनि अरूको आलोचना गर्ने बानी हुनुपर्छ। तर अरूको अगाडि हामीहरूले हामीहरूको दोषलाई लुकाउन चाहन्छौं। भित्री विवेकमा पस्नुहोस् र त्यसले तपाईंलाई मुक्तिदाताको आवश्यक छ भनेर कसरी चुनौती दिएको पाउनुहुन्छ?

## २ सुन्ने होइन तर वचन पालन गर्ने होऊ (याकूब १:२२)

**याकूबले ग्रीक भाषा सम्मत वचनको "पालन गर" मात्र नभनेर "पालन गर्ने होओ" भन्नुको तात्पर्य के हो? हेर्नुहोस् फेरि याकूब १:२२ "तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ।"**

याकूबले गर्नु र हुनु दुवैलाई समेटेका छन्। ती दुई शब्दहरूलाई उनले अलग राखेका छैनन्। अर्थात् एक शब्द भन्दा अर्को शब्दलाई उनले प्राथमिकता दिएका छैनन। ती दुवै सिक्काका दुई पाटा जस्तै हुन्। ती दुवैलाई अलग दृष्टिले हेर्न हामीलाई उक्साएको छैन। हामीले वचन सुन्नुपनि पर्छ र गर्नुपनि पर्छ। निरन्तररूपमा हामीहरूको जीवनशैली परमेश्वरको वचन अनुसार ढालेर चल्नुपर्छ भन्ने ग्रीक भाषाको आशय छ। येशूभक्त हुँ भनेर दाबी गर्ने प्रत्येक उपासकबाट येशूलाई प्रतिबिम्बित गर्ने जीवन अहिलै नै बिताउन उक्त पदले अपेक्षा गर्दछ।

येशू ख्रीष्टमा हामी नयाँ अनुहार भएका मानिसहरू हुनुपर्दछ। हामी को हौं रहेछ भनेर थाहा पाएपछि परमेश्वरको निर्देशनलाई शिरोपर गरेर चल्न हामी उत्सुक हुनेछौं। परम्पराको नाउँमा नीतिनियमहरू पालन गर्ने जस्तो मात्र त्यो हुनेछैन। (धनी युवकको समस्या त्यही भएको पाउँछौं। कतिपय मानिसहरू परम्परालाई मानेर आफू धर्मात्मा वा धर्म गरेको भनेर आफूलाई चित्त बुझाउन खोजेको हामी पाउँछौं)।

**येशूलाई विश्वास गर्दा हामीले गरेर देखाउनुपर्ने केही क्रियाकलापहरू लूका ६:२७-३८मा यसरी उल्लेख गरिएका छन् "तिमी**

सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरूलाई भलाइ गर, २८ सराप्नेहरूलाई आशीर्वाद देओ, दुर्व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गर। २९ तिमीलाई एक गालामा चड्काउनेलाई अर्को पनि थापिदेओ, र तिम्रो खास्टो खोस्नेलाई तिम्रो दौरा पनि लान देओ। ३० तिमीसित माग्ने हरेकलाई देओ, र तिम्रो चीजबीज लानेसँग फेरि नमाग। ३१ जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै गर। ३२ "तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो? किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछन्। ३३ तिमीहरूको भलाइ गर्नेहरूलाई भलाइ गर्दछौ भने, तिमीहरूलाई के लाभ भयो र? किनकि पापीहरूले पनि त्यसै गर्दछन्। ३४ यदि फिर्ता पाउने आशा राखेर कसैलाई ऋण दिन्छौ भने, तिमीहरूलाई के लाभ भयो र? किनकि फेरि उत्ति नै पाउने आशा राखेर पापीहरूले पापीहरूलाई ऋण दिन्छन्। ३५ तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ। ३६ तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ। ३७ "अरूको न्याय नगर र तिमीहरूको पनि न्याय गरिनेछैन। अरूलाई दोषी नठहराओ, र तिमीहरू दोषी ठहराइनेछैनौ। क्षमा गर, र तिमीहरूलाई पनि क्षमा गरिनेछ। ३८ देओ, र तिमीहरूलाई पनि दिइनेछ। मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्। किनकि जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ।"

"तीम्रो बैरी वा तिमीलाई मन नपराउनेहरूलाई माया गर वा उसको हित खोज", "जसले माग्छ फिर्ता पाउँला भनेर आशा नगरी देओ", "जसरी परमेश्वर पिता तिमीहरूमाथि करुणा देखाउनुहुन्छ त्यसरी नै तिमीहरूले पनि अरूलाई करुणा देखाऊ" रे! मानव चरित्रको हिसाबमा यो त झन्दै असम्भव नै छ। हो, यदी हामी आफ्नै बुद्धि ज्ञानले ती आचारसंहिताहरूलाई पालन गर्न खोज्यौं भने सम्भव देखिन मुश्किल पर्छ। पापी स्वभाव भएका हामी मानिसमा त्यस्तो खालको प्रेम त अनौठो नै हुन्छ। मानिसको मनोवैज्ञानिकलाई दृष्टिगत गरेर नै येशूले

दुई थरीका रूखहरूको बारेमा उपमा दिनुभएको थियो। एउटाले असल फल फलाउने अर्कोले खराब फल फलाउने (लूका ६:४३-४५)।

गलाती ५ अध्यायमा पावल प्रेरितले शारीरिक अभिलाषाको काम (गलाती ५:१९-२१) र पवित्र आत्माको फल (गलाती ५:२२,२३)को बारेमा उल्लेख गर्दछन्। धर्मी वा असल हुन जति हामी आफ्नो बाहुबलले कोशिश गर्छौं त्यत्ति नै हामी झन झन खस्किरहेको अनुभव गर्दछौं। तर जब हामी पवित्र आत्माको अगुवाइमा चल्न राजी हुन्छौं तब त्यसको नतिजा एकदम फरक भएको हामी पाउँछौं। प्रेम र आज्ञा पालन गरेर हिंड्ने फल पवित्र आत्माको दायरामा बस्दा पाइन्छ भन्ने पावलको जिकिर छ।

**कसैले अऱ्हाएको कारणले मात्र तपाईंले गर्नुभएको कामको बारेमा सोच्नुहोस्। हुनसक्छ तपाईंको मनले चाहेको अनुसार चलेको भन्दा अरूलाई देखाउन कुनै नीति नै पालन गर्नुभएको होला। त्यो पनि सोच्नुहोस्। तर तपाईंको हृदयमा येशूले बास गर्नुभएकै कारणले तपाईं जे गर्नुभएको थियो त्यो स्वःत सजिलो भएको पनि सम्झनुहोस्। भित्री हृदयदेखि प्रभुप्रति प्रेमले ओतप्रोत भएर काम गर्नु र परम्परा वा अरूलाई देखाउन गरिने कामको बीचमा भिन्नता भएको तपाईंले कसरी पाउनुभएको छ?**

## ३ स्वाधिनता वा स्वतन्त्र बनाउने परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू (याकूब १:२५)

**परमेश्वरले हामीलाई दिनुभएको व्यवस्था अर्थात् नीतिनिर्देशनको बारेमा याकूबको धारणा के छ हेर्नुहोस् याकूब १:२५ "तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।**

परमेश्वरको व्यवस्था सिद्ध तथा शुद्ध छ भनेर भजनका लेखक दाउदले व्यक्त गरेको भावना याकूबले यहाँ दोहोऱ्याउँछन् (भजन १९:७)। मानिलाई स्वतन्त्र वा स्वाधिन बनाउने तत्व पनि परमेश्वरको व्यवस्था हो भनेर दाउदको भनाइलाई पनि याकूबले समर्थन गर्दछन् (भजन ११९:४५)। याद गर्नुहोस्, याकूब र दाउद दुबै जनाले

परमेश्वरको व्यवस्था शुद्ध, सिद्ध र स्वाधिन बनाउँछ भनेर भनेतापनि त्यसले हामीलाई पापबाट मुक्ति दिन्छ भनेको छैन। व्यवस्था आफैले हामीलाई शुद्ध वा सफा बनाउन सक्दैन। तर हामी निश्वार्थी र प्रेमिलो जीवन कसरी बिताउने हो भन्ने परमेश्वरको चाहनाचाहिँ दश आज्ञाहरू वा व्यवस्थाले देखाउँछ। दश आज्ञाहरूलाई सुन्दैमा हामी सिद्ध हुन सक्दैनौं। विश्व प्रशिद्ध पौडी खेल्ने मानिसले पौडी खेलिरहेको जति हेरेतापनि हामी पनि विश्व प्रशिद्ध पौडीवाज हुन्छौं भन्ने छैन। ख्रीष्टले निर्धारण गर्नुभएको प्रेमिलो आदर्श जीवन बिताउन हामीलाई उहाँको शक्ति वा बलको आवश्यक छ।

**ब्यवस्थालाई पालन नगर्दा मृत्युको औजार हुनसक्छ तर व्यवस्थाको सकारात्मक पक्षलाई आत्मसात् गर्दा हामीलाई हामीहरूको पापपूर्ण जीवनबाट राहत दिन वा स्वतन्त्र बनाउन सक्छ, त्यतिमात्र होइन हामीलाई जीवन पनि दिनसक्छ भनेर पावलको अभिव्यक्ति पनि देहायका पदहरूमा पढ्नुहोस्ः रोमी ८ः१-४ "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" र २ कोरन्थी ३ः१७,१८ "अब प्रभु आत्मा हुनुहुन्छ, अनि जहाँ प्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ। १८ हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।"**

परमेश्वरका दश आज्ञाहरू सुन्दैमा मानिसहरू उहाँको अगाडि हामी ठिक वा धर्मी हुन्छौं भन्ने छैन भनेर पावलले पनि याकूबसँगै सहमत भएको हामी पाउँछौं। जब परमेश्वरको व्यवस्थालाई पालन गर्छ तब मात्र मानिसहरू परमेश्वरको सामु धर्मी ठहरिन्छ भनेर रोमी २ः१३मा पावलले जिकिर गर्दछन्। जब पवित्र आत्माले हामीहरूको

हृदयमा परमेश्वरको व्यवस्थालाई लेख्नुहुन्छ तब उहाँकै सहयोगले हामी उहाँको व्यवस्थालाई पालन गर्न सक्षम् हुन्छौं। जब सच्चा हृदयले उहाँको व्यवस्था पालन गर्छौं तब मात्र त्यो व्यवस्था हाम्रो निम्ति स्वाधिनता वा स्वतन्त्रताको व्यवस्था हुनसक्छ। त्यसकारण हामीहरूको समस्या भनेको परमेश्वरको व्यवस्था होइन हामीहरू आफै हौं। हामीहरू को हौं भन्ने बिर्सने बानी छ। हामीलाई हरदम उद्धारकर्ताको आवश्यक छ। ख्रीष्टको दायराबाट हामी बाहिर बस्न रुचाउँछौं भने व्यवस्थालाई हामीले केवल न्यायको व्यवस्था भनेर सुन्ने वा हेर्ने बानी हुन्छ। तर ख्रीष्टमा हामी पुनर्जीवन पाएका नर र नारी हुनसक्छौं (२ कोरन्थी ५:१७)। जब हामी येशूमा रहन्छौं तब हामी स्वतन्त्र हुन्छौं (यूहन्ना ८:३६)। जब हामी ख्रीष्टमा हुन्छौं हामी पराधिन हुँदैनौं र दश आज्ञाहरू तोडेर आहतको आभास दिनेबाट हामी मुक्त हुन्छौं। परमेश्वरको व्यवस्था हामीहरूको हृदयमा गाभिएको हुनाले स्वःत हामी त्यस अनुसार चल्छौं। येशूले हामीहरूलाई व्यवस्थाको बारेमा सम्बोधन गरेको हामी पाउँछौं। उहाँले भन्नुभयो "तिमीहरू एक आपसमा मैले जस्तै प्रेम गर" (यूहन्ना १५:१२)। परमेश्वरका हामी छोरा छोरीहरू हौं भन्ने प्रत्याभूति हामीले ख्रीष्टबाट पाउँछौं। हामीहरू परमेश्वरको अनुग्रहबाट मुक्ति पाएकै हुनाले पापको दासत्वमा रहन हामी अश्वीकार गर्दछौं। ख्रीष्टमा हामीहरूको पापलाई क्षमा गरिएको छ र अहिले नै हामीले नयाँ जीवन पाएका हुन्छौं। त्यस जीवनले नै परमेश्वरको व्यवस्थासम्मत चलन हामीलाई सामर्थ बनाउँछन्। तर हामी मुक्ति पाउन व्यवस्थालाई पालन गर्दैनौं तर हामी मुक्ति पाएकै कारणले पापबाट स्वतन्त्र भएको अनुभूत भन्छौं र उहाँको व्यवस्था अनुसार चल्दछौं। ख्रीष्टमा रहँदा पापबाट मुक्ति पाएको अनुभव भएकै कारणले व्यवस्थाले गर्दा दोषी ठहरिरहने मनस्थितिबाट हामी स्वतन्त्र हुन्छौं। येशूको प्रेमले ओतप्रोत भएकै कारणले हामीलाई न्याय गर्ने व्यवस्थाले हामीलाई हरदम औंल्याइरहेको महसूस गर्दैनौं।

**हामी पापी भएको कारणले दश आज्ञाहरूको अक्षरस पालन गरी धर्म कमाउन प्रयासको बारेमा सोच्नुहोस्। त्यसले गर्दा परमेश्वरको व्यवस्था हामीहरूलाई कमारो बनाउने साधन जस्तो भएको अनुभव कसरी गर्छौं? येशूले त्यस दासत्व मनस्थितिबाट हामीलाई कसरी स्वतन्त्र**

बनाउनुभयो, फेरि त्यसैबखत उहाँका व्यवस्थालाई पालन गर्ने निर्देशन दिनुभएको छ, त्यसलाई कसरी हेर्ने?

## ४ उपयोगी वा बेकारको? (याकूब १:२६,२७)

पक्का इसाई हुनुभनेको के रहेछ भनेर देहायका पदहरूलाई तुलनात्मक रूपमा हेरेर निश्कर्ष निकाल्नुहोस्: याकूब १:२६,२७ "यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ, र आफ्नो जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो हृदयलाई धोका दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ। २७ परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही होः अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु।, मत्ती २५:३४-४० "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' ३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।' र रोमी १२:९- १८ "प्रेम निष्कपट होस्। जुन कुरा खराब छ, त्यसलाई घृणा गर। जुन कुरा असल छ, त्यसमा लागिरहो। १० भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। ११ जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। १२ आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। १३

**सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख। १४ तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप।१५ आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। १६ एक-अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै अहङ्कारी नहोओ। १७ कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ। १८ हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस।"**

यदि येशू, याकूब र पावलले हामीहरूको ध्यान एक मूल कुरामा आकर्षित गर्न चाहन्छन् भने त्यो हो हामी सबै जना उपयोगी वा काम लाग्ने इसाई होऔं। येशूका विश्वासी भाइ बहिनीहरूमा सबभन्दा गरिब, निमुखा, पन्छिएका वा निच ठानिएकाहरू पनि हुनसक्छन्। तिनीहरूप्रति सरोकार देखाएर माया गर्दा हामी येशूका उपयोगी भक्तहरू हौं भनेर प्रमाणित गर्न सक्दछौं (मत्ती २५:४०)। त्यस्ता विश्वासीको घरमा जाने, तिनीहरूलाई शिष्ट व्यवहार गर्ने, तिनीहरूलाई सत्कार गर्ने इसाई हुँ भनेर दावी गर्ने प्रत्येक विश्वासीको धर्म हो।

"माया गर्ने र मायालु हुने इसाईको पक्षमा कसैले बोल्न नसक्नु नै सुसमाचारको अत्यन्त बलियो पाता हो।"-एलेन जी ह्वाइट, मिनिस्त्री अभ हिलिङ्ग, पृ. ७०बाट रूपान्तरित। एलेन जी ह्वाइट त्यस अभिमतमा मात्र रोक्नु हुन्न। त्यो स्थितिमा कोही इसाई पुग्न चाहन्छ भने "प्रेमिलो जीवन बिताउन चाहन कडा परिश्रम गर्नुपर्छ। आफ्नो भाऊ नखोज्ने बानी बसाली त्यागको भावना हुनुपर्छ। उसले अनुशासित जीवन अपनाउनुपर्दछ।" पृ. ४७०बाट रूपान्तरित। कोही पनि मानिस त्यस स्थितिमा पुग्न आफ्नो स्वभावले दिँदैन। कोही इसाई भयो भन्दैमा स्वःत येशू जस्तै माया गर्ने खालको हुन्छ भन्ने छैन। साथै यदि हामीहरूको धर्म केवल मिठा मिठा प्रवचन सुन्ने र बोल्नेमात्र भएभने त्यो धर्म बेकारको हुन्छ। येशूको कुराचाहिँ गर्ने त्यस अनुसार नचल्ने इसाई वा क्रिश्चियन व्यर्थको इसाई वा क्रिश्चियन हो भनेर सबैले आत्मसात् गर्नुपर्छ।

याकूबले अध्यायको १को २६ र २७मा धर्म वा धर्मी मानिस भनेर सम्बोधन गर्दा येशूको परमभक्त वा उपासक भनेर जनाएको पाइन्छ। त्यस्तो खालको भक्त इसाईहरूले आफ्नो जीवनबाट नै येशूको

निम्ति सकारात्मक जीवन बिताएर असल विश्वासीको पहिचान दिलाउँछ। बाहिरका मानिसहरूले तिनीहरूको व्यवहारबाट तिनीहरू को रहेछ भनेर चिन्न सक्नेहुन्छ। इसाई हुँ भनेर दावी गर्ने प्रत्येक व्यक्तिलाई ती मानिसहरूले मूल्याङ्कन गर्दै आफूहरू प्रभावित हुने वा नहुने निर्णय गरिरहेको हुन्छ।

इसाई हुँ भनेर दावी गर्नेहरूको बोलीले नै तिनीहरू परिवर्तन भएको रहेछ भनेर चिनारी हुन्छ। आवेशको भरमा झट्ट बोल्ने बानी नबसाल्न, गालीगलौज गर्ने आदतबाट टाडा रहने, रुखो वचन र किरिया खाने वचन नबोल्न प्रतिवद्धता त्यसले अपनाएको हुन्छ। जब उसले बोल्छ उसले सतर्कता अपनाइ अरूको मर्ममा ध्यान पुऱ्याइरहेको हुन्छ। अरूलाई चित्त नदुखोस् भनेर हामीले हामीहरूको जीब्रोलाई सम्हाले हुन्छौं। छाडा पशु जस्तो हामीहरूको बोली हुँदैन तर हामीहरूको बोलीले अरूको मन हलुको पार्ने खालको हुनुपर्छ।

टुहुरा र विधवाहरूलाई हामीहरूको माया र हेरचाहको अत्यन्त आवश्यक हुन्छ भनेर याकूबले औंल्याउँछन्। सांसारिक मनस्थिति भएको मानिसले समाजलाई केही फाइदा नगर्ने मानिसलाई किन वास्ता गर्ने भन्ने सोचाइले ग्रष्त भएको हुन्छ। तर समाजबाट पिल्सिएका, फ्याँकिएका, हेपिएका र वास्ता नगेरिएकाहरूलाई हामीले कसरी व्यवहार गर्छौं त्यसले हामी येशूको सच्चा उपासक वा भक्त हौं कि होइन भनेर देखाउँछ भन्ने परमेश्वरको धारणा छ। हामीलाई ऋण तिर्न नसक्नेलाई के हामीले पैसा सापट दिइरहेका छौं कि? हामीलाई ख्वाउन नसक्नेलाई के हामीले खान बोलाउँछौं? के हामीलाई दुर्व्यवहार गर्ने वा हामीप्रति दोषी चस्माले हेर्ने मानिसको निम्ति प्रार्थना गरिरहेकाछौं कि वा के तिनीहरूको हीत चाहिरहेका छौं कि (लूका ६:३५, १४:१२-१४, मत्तीइ ५:४४)? असल काम गर्न वा सबैको भलाइ गर्न हामी येशू ख्रीष्टमा नयाँ गरि सृष्टि भएका हौं भनेर पावलले जिकिर गर्दछन् (एफिसी २:१०)।

**आवश्यकता परेकाहरूलाई सघाउन तपाईंले कतिको आफ्नो समय, साधन र स्रोत परिचालन गरिरहनुभएको छ? तपाईंको जवाफले तपाईं कतिको विश्वासी येशूभक्त हुनुहुन्छ भनेर देखाउँछ भन्ने कुरामा ख्याल गर्नुहोस्।**

## ५ संसारको जस्तो नहोऔ (याकूब १:२७)

भौतिक, आर्थिक, नैतिक, सामाजिक आदि प्रदुषित संसारमा हामी छौं। तर त्यसबाट शुद्ध तथा निष्कलङ्क भएर बस्नु भनेर याकूबले याकूब १:२७मा हामीलाई निर्देशन् दिँदछन्। त्यो कसरी सम्भव हुन्छ र? त्यहि सन्दर्भमा यूहन्ना र पत्रुसले पनि यसरी आफ्नो भनाइ पोख्दछन्: १ यूहन्ना २:१५-१७ "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। १७ संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।" २ पत्रुस १:४ "स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्।"

यदि संसारबाट अलग रहेर कुनै जङ्गल, गुफा वा एकान्त ठाउँमा रहनसके संसारको सबै अभिलाषा वा प्रलोभनबाट टाडिन्छ भनेर कतिपयलाई सोच्दछन्। निःसन्देह त्यसमा केही सत्यता छ। मन बहलाउने, मोहमा फसाएर परमेश्वरबाट अलग राख्ने खाला परिस्थितिहरूबाट हामी अलग रहन कोशिश त गर्नैपर्छ। तर हामी जहाँ गएतापनि हामीहरूको कमजोरी, समस्या वा आफ्नो पापीस्वभावलाई हामी लगिरहेका हुन्छौं। संसारमा के छ त्यसमा भएको पाप आफै समस्या होइन। हो, केही हदमा हामीहरूलाई बिगार्न त्यसले भूमिका खेल्दछ। तर पापको समस्या वा हामीहरूलाई फसाउने मूल जड भनेको हामीमा नै छ। हामीहरूको हृदय नै पापलाई पोस्ने थलो हो। हामीहरूको सच्चा संघर्ष बाहिरसँग होइन हामीहरूको भित्रै हो। हामी जहाँ रहेतापनि वा जहाँ गएतापनि हामीले हामीहरूसँग लडिनै रहनुपर्दछ।

केही समस्याहरूलाई समाधान गर्दा अरू समस्याहरू पनि देखा पर्नु चासोको विषय हो। उदाहरणमा, कोठाको एउटा कुनामा सफा गर्दा अर्को कुना पनि फोहर हामी देख्छौं। हामीहरूको आत्मिक जीवनमा पनि त्यही कुरो सत्य हुन जान्छ। "जब तपाईं येशूको नजिक नजिक आउनुहुन्छ तब तपाईं अझ बढी दोषी वा फोहर भएको तपाईंको

आँखाले देख्नुहुनेछ। तपाईंको ज्ञानको चक्षु सफा र स्पष्ट हुँदै जाने भएको हुनाले त्यो स्थितिमा तपाईं पुगिरहेको हुन्छ। उहाँको निष्कलङ्क र शुद्ध चरित्रसँग तपाईंले आफूलाई तुलना गर्ने आदतले तपाईंले तपाईंको खोट अझ स्पष्टसँग देख्न ठाल्नुहुनेछ।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ६४बाट रूपान्तरित।

एलेन जी ह्वाइटले यथार्थमा के भन्नुभएको छैन त्यो भनिरहेकी छिन् भनेर हामीले सोच्नुहुन्न। उहाँले यो भन्नुभएको छैन "जब जब उहाँको अगाडि नजिक हुन्छौं तब तब हामी कमजोर र दोषले लिप्ट हुन्छौं।" उहाँले त्यसलाई अगाडि बढाउनुहुन्छ "जब हामी उहाँको र उहाँको वचनको आवश्यकताको महसूस गर्छौं तब हामी उहाँको चरित्रसम्मत हुन हामीहरूको बिचार उच्च शिखरमा पुगिरहेको हुन्छ। अनि हामी पूर्ण रूपमा उहाँको चरित्रलाई हामीहरूको जीवनले देखाउनेछ।" पृ ६५बाट रूपान्तरित।

पक्का धर्म वा आत्मज्ञान चाहने मानिसले येशूसँगको अनुभवमा गहिरो सम्बन्ध राख्न भोकाएको र तिर्खाएको हुन्छ (मत्ती ५:६)। स्वर्गमा रहनुहुने सनातन परमेश्‍वर पितासँग येशूले प्रसस्त समय बिताउनुभएको थियो। यस संसारमा परमेश्‍वर पिताको चाहना के छ भनेर थाहा पाउन उहाँले त्यसो गर्नुभएको थियो। तर उहाँले मानिसहरूबाट आफूलाई कहिलै पनि बन्द कोठाभित्र राख्नुभएन। संसार वा मानिस जहाँ जहाँ थिए त्यहाँ त्यहाँ उहाँ जानुहुन्थ्यो। आवश्यक परेकाहरूकहाँ पुग्नु नै उहाँको खाना थियो। जातजातिको बिचमा हुने भेदभाव, धर्महरूको बीचमा हुने पूर्वाग्रहका पर्खालहरू उहाँले तोड्नुभएको थियो। अनन्त जीवन दिने सुसमाचारको खबर पनि उहाँले सुनाउन पछि पर्नुभएको थिएन (यूहन्ना ४:२८-३५)।

त्यसबेलाको संसारको गैर-यहूदी जातिहरूको सहनसहन र खानापिना यहूदी र सुरूको इसाईहरू भन्दा पनि फरक थियो। अरू मानिसहरूको संस्कार वा संस्कृति बीचमा रहनुपरेतापनि आफ्नो आस्थालाई फैलाउन येशू र प्रारम्भिक इसाईहरू अलगिएका थिएनन्। तिनीहरू जहाँ पनि जान्थे। रोमी साम्राज्यको मुनी रहेको तत्कालिन संसारमा सुसमाचार यत्रतत्र फैलिएको थियो। त्यसबेलाको रोम शहर सबै खालको दुष्ट र अपराधको केन्द्रविन्दु थियो। येशूको सुसमाचार

तिनीहरूको सामु धरोहरको रूपमा रहेर तिनीहरूको मुकाबिला गरेको थियो।

**उपसंहार**: "परमेश्वरको व्यवस्था ठूलो ऐना हो। मानिसले आफ्नो बोलीवचन, आत्मिक जोशजाँगर, भावना तथा क्रियाकलापहरू परमेश्वरको वचनसँग तुलना गर्दै चल्नुपर्छ।"-एलेन जी ह्वाइट, द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ९३५बाट रूपान्तरित।

"परमेश्वरका आज्ञाहरूबाट मुक्त भएर बस्नुको सट्टा विश्वास वा आस्था र विश्वास वा आस्थालेमात्र ख्रीष्टको अनुग्रहमा हामी सहभागी हुनसक्छौं। उहाँको अनुग्रहले परमेश्वरका नीतीहरू वा व्यवस्थालाई मान्न सक्षम् बनाउँछ।

"जसरी येशू मानिसको स्वभावमा रहनुभएको थियो, त्यसरी नै उहाँका भक्तहरू पनि त्यही स्वभावमा होस् भनेर परमेश्वर अपेक्षा गर्नुहुन्छ। मुक्तिदाता जीउनुभएको जस्तै हामी पनि उहाँको बलले आदर्श र शुद्ध तथा स्वच्छ जीवन बिताउनुपर्छ।"-एलेन जी ह्वाइट, आवर फादर क्यर, पृ. ६९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. सांसारिक मायामोहबाट अलग भएर कुनै कुनाकाप्चामा रहँदा हामीलाई फाइदा हुन्छ भनेर हामीलाई भनिएको छ। तर पापको समस्या र प्रलोभनलाई समाधान गर्ने त्यो किन असली उपाय होइन? सबै प्रलोभन वा मनलाई विगार्ने तत्वहरूबाट अलग हुन हामी कति टाडा जानुपर्छ? हामी जहाँ भएतापनि वा जहाँ गएतापनि पाप र भ्रष्ट बनाउने प्रलोभन वा परिक्षाबाट अलगिएर बस्ने बाहुबल कहाँबाट आउँछ?

आ. श्रोतावर्ग मात्र भएर परमेश्वरको वचनमा विश्वास गर्ने र त्यस अनुसार चल्नुमा के भिन्नता छ भन्ने बिषयमा चिन्तन गर्नुहोस्।

इ. ख्रीष्ट क्रुसमा मर्नुभयो र हामीहरू अनुग्रहको दायरामा छौं त्यसकारण हामीहरू परमेश्वरको दश आज्ञाहरूबाट मुक्त छौं भन्नेहरूलाई तपाईं के भन्नुहुन्छ? तिनीहरूले भन्न खोजेको के हो? तिनीहरूलाई तपाईंले चित्तबुझ्दो जवाफ कसरी दिनुहुन्छ?